केराबारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
केराबारी, मोरङ
प्रदेश नं १, नेपाल

# अपाङ्गता सहायता सहजकर्ता पदका लागि दरखास्त आह्वान गरिएको सूचना

(प्रथम पटक प्रकाशित मितिः२०७९।१०।१६)

केराबारी गाउँपालिकामा अपाहता भएका व्यक्तिहरुलाई आवश्यक पर्ने सम्पूर्ण सूचना तथा परामर्श सेवा प्रदान गर्नका लागि स्थापना गरिने अपाङ्गता सहायता कक्षका लागि प्रतिस्पर्धात्मक परीक्षाद्वारा करार सेवामा एकजना अपांगता सहायता सहजकर्ताको पदपूर्ति गर्नुपर्ने भएकाले आवश्यक न्यूनतम योग्यता पुगेका इच्छुक योग्य नेपाली नागरिकहरूबाट दरखास्त आह्वान गरिएको छ। यसका लागि तोकिएको दरखास्त फाराममा भर्नु पर्ने सम्पूर्ण विवरणहरू सरी पासपोर्ट साईजको फोटो १ प्रति टाँस गरी सोका साथ आफ्नो नेपाली नागरिकता, अपाङ्गता परिचयपत्र र दरखास्त दिने पदको लागि तोकिएको अन्तिम शैक्षिक योग्यता प्रमाणपत्रको ट्रान्सकृष्ट चारित्रिक प्रमाणपत्र परीक्षा दस्तुर तिरेको बैंक भौचरको/राजस्व भौचरको अर्धकट्टी तथा नेपाल बाहेक अन्य निर्धारण गरेको प्रमाणपत्र समेत संलग्न गरी यस मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता यस गाउँपालिकाको कार्यालय समक्ष पेश गर्नु पर्नेछ । रित नपुगेको, तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको र तोकिएको परीक्षा दस्तुर नबुझाएका दरखास्त उपर कुनै कारवाही हुने छैन । साथै, प्रचलित कानून बमोजिम अयोग्य ठहरिने उम्मेद्वारहरूको दरखास्त उपर कुनै कारवाही हुने छैन । झुट्टा बिवरण उल्लेख गरी दरखास्त फाराम भरेमा सोको जवाफदेही दरखास्तवाला स्वयं हुनु पर्नेछ ।

१. विज्ञापन नंः- १९।२०७९।०८०

२. पदः- अपाङ्गता सहायता सहजकर्ता (अपाङ्गता भएको व्यक्ति मात्रै)

३. माग संख्याः १ जना

४. सेवाको किसिमः- करार सेवा

५. दरखास्त बुझाउने अन्तिम मितिः-२०७९।१०।२५

६. उम्मेद्वारको छनौट विधिः- प्रत्यक्ष मौखिक अन्तर्वार्ता तथा अन्य विविध पक्षको मूल्यांकन

७. दरखास्त फाराम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थानः- केराबारी गाउँपालिकाको कार्यालयबाट दरखास्त फाराम प्राप्त गरी उक्त फाराम भरी कार्यालयमा बुझाउनु पर्ने

८. परीक्षा दस्तुरः- रू ४००।- (चारसय रुपैयाँ मात्र)

९. परीक्षा दस्तुर बुझाउने प्रकृयाः बैंक भौचर वा राजस्व तिरेको भौचर फारामसाथ पेश गर्नुपर्नेछ ।

१०. परीक्षा सञ्चालन हुने मिति, समय र स्थानः- दरखास्त फाराम भर्ने अन्तिम म्याद सकिएको पश्चात पालिकाको सूचना पाटीमा टाँसमा समेत प्रकाशित गरिनेछ । साथै, वेबसाइट र गाउँपालिकाको आधिकारीक फेसवुकमा प्रकाशित गरिनेछ ।

११. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकारः सहजकर्ता छनौट तथा सिफारिस समितिमा निहित रहनेछ ।

१२. मासिक तलवः करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

१३. आवश्यक न्यूनतम योग्यताः

(क) नेपाली नागरिक ।

(ख) अपाङ्गता भएका व्यक्ति ।

(ग) मान्यता प्राप्त शिक्षण संस्थाबाट +२ वा सो सरह उत्तीर्ण गरेको ।

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।

(ङ) अपाङ्गता सम्बन्धी काम गर्ने सरकारी तथा गैरसरकारी संघ संस्थामा काम गरेको अनुभव भएको, कम्प्युटर सम्बन्धि तालिम लिएको, बहिरा नागरिकको लागि सांकेतिक भाषा दोभासे तालिम प्राप्त गरेको, स्थानीय अपाङ्गता भएको महिलालाई विशेष प्राथमिकता दिइनेछ ।

प्रमुख प्रशासकीय अधि